जो व्यक्तिले संसारमा अरूको (गल्ती वा कमजोरी) लुकाउँछ, अल्लाहले प्रलयको दिन त्यस व्यक्तिको गलतीलाई लुकाउनेछ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु)ले बयान गरेका छन्: रसूल (सल्लल्लाहु अलैहि वसल्लम)ले भन्नुभएको छ: "जो व्यक्तिले संसारमा अरूको (गल्ती वा कमजोरी) लुकाउँछ, अल्लाहले
प्रलयको दिन त्यस व्यक्तिको गलतीलाई लुकाउनेछ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम)ले बयान गर्नुहुन्छ: कुनै मुसलमानले आफ्नो मुस्लिम दाजुभाइको कुनै कुरा (गल्ती वा कमजोरी) लुकाएमा, अल्लाह तआलाले प्रलयको दिन उसको गलतीलाई लुकाएर संरक्षण दिनुहुनेछ। किनभने प्रतिफल कर्मकै प्रकारको हुन्छ। अल्लाहले उसको गल्तीहरू र अपराधहरूलाई महशरको मैदानमा भेला भएका मानिसहरू बाट लुकाएर उसलाई ढाक्नुहुनेछ। अनि ती पापहरूको हिसाब-किताब नगरी र ती पापहरू बारे उसलाई नभनिकन गोप्य रूपले पनि हुन सक्छ।

https://www.sunnah.global/hadeeth/ne/show/3777